**Lang. Code : 13**

इस पुस्तिका में **20** पृष्ठ हैं ।
This booklet contains **20** pages.

# TAJ 19-I

**प्रश्न-पत्र I / PAPER I**
**नेपाली भाषा परिशिष्ट**
**Nepali Language Supplement**
**भाग IV & V / PART IV & V**

**परीक्षा पुस्तिका संकेत**
**Test Booklet Code**

**P**

**परीक्षा पुस्तिका संख्या**
**Test Booklet No.**

**इस परीक्षा पुस्तिका को तब तक न खोलें जब तक कहा न जाए ।**
**Do not open this Test Booklet until you are asked to do so.**
**इस परीक्षा पुस्तिका के पिछले आवरण (पृष्ठ 19 व 20)पर दिए निर्देशों को ध्यान से पढ़ें ।**
**Read carefully the Instructions on the Back Cover (Page 19 & 20) of this Test Booklet.**

**नेपाली में निर्देशों के लिए इस पुस्तिका का पृष्ठ 2 देखें । / For instructions in Nepali see Page 2 of this Booklet.**

## परीक्षार्थियों के लिए निर्देश

1. यह पुस्तिका मुख्य परीक्षा पुस्तिका की एक परिशिष्ट है, उन परीक्षार्थियों के लिए जो **या** तो भाग IV (भाषा I) **या** भाग V (भाषा II) **नेपाली** भाषा में देना चाहते हैं, लेकिन **दोनों नहीं** ।
2. परीक्षार्थी भाग I, II, III के उत्तर मुख्य परीक्षा पुस्तिका से दें और भाग IV व V के उत्तर उनके द्वारा चुनी भाषाओं से ।
3. अंग्रेज़ी व हिन्दी भाषा पर प्रश्न मुख्य परीक्षा पुस्तिका में भाग IV व भाग V के अन्तर्गत दिए गए हैं । भाषा परिशिष्टों को आप अलग से माँग सकते हैं ।
4. इस पृष्ठ पर विवरण अंकित करने एवं उत्तर पत्र पर निशान लगाने के लिए **केवल काले/नीले बॉल पॉइंट पेन** का प्रयोग करें ।
5. इस भाषा पुस्तिका का **संकेत** है **P** । यह सुनिश्चित कर लें कि इस भाषा परिशिष्ट पुस्तिका का संकेत, उत्तर पत्र के **पृष्ठ-2** एवं मुख्य परीक्षा पुस्तिका पर छपे संकेत से मिलता है । अगर यह भिन्न हो, तो परीक्षार्थी दूसरी भाषा परिशिष्ट परीक्षा पुस्तिका लेने के लिए निरीक्षक को तुरन्त अवगत कराएँ ।
6. इस परीक्षा पुस्तिका में **दो** भाग IV और V हैं, जिनमें **60** वस्तुनिष्ठ प्रश्न हैं, जो प्रत्येक 1 अंक का है :
   भाग-IV : भाषा I - (नेपाली) (प्र. 91 से प्र. 120)
   भाग-V : भाषा II - (नेपाली) (प्र. 121 से प्र. 150)
7. भाग-IV में भाषा-I के लिए 30 प्रश्न और भाग-V में भाषा-II के लिए 30 प्रश्न दिए गए हैं । इस परीक्षा पुस्तिका में केवल नेपाली भाषा से संबंधित प्रश्न दिए गए हैं । **यदि भाषा-I और/या भाषा-II में आपके द्वारा चुनी गई भाषा(एँ) नेपाली के अलावा है तो कृपया उस भाषा वाली परीक्षा पुस्तिका माँग लीजिए । जिन भाषाओं के प्रश्नों के उत्तर आप दे रहे हैं वह आवेदन पत्र में चुनी गई भाषाओं से अवश्य मेल खानी चाहिए ।**
8. **परीक्षार्थी भाग-V (भाषा-II) के लिए, भाषा सूची से ऐसी भाषा चुनें जो उनके द्वारा भाषा I (भाग-IV) में चुनी गई भाषा से भिन्न हो ।**
9. रफ कार्य परीक्षा पुस्तिका में इस प्रयोजन के लिए दी गई खाली जगह पर ही करें ।
10. सभी उत्तर केवल OMR उत्तर पत्र पर ही अंकित करें । अपने उत्तर ध्यानपूर्वक अंकित करें । उत्तर बदलने हेतु श्वेत रंजक का प्रयोग निषिद्ध है ।

## *INSTRUCTIONS FOR CANDIDATES*

1. This booklet is a supplement to the Main Test Booklet for those candidates who wish to answer **EITHER** Part IV (Language I) **OR** Part V (Language II) in **NEPALI** language, but **NOT BOTH**.
2. Candidates are required to answer Parts I, II, III from the Main Test Booklet and Parts IV and V from the languages chosen by them.
3. Questions on English and Hindi languages for Part IV and Part V have been given in the Main Test Booklet. Language Supplements can be asked for separately.
4. Use **Black/Blue Ball Point Pen only** for writing particulars on this page / marking responses in the Answer Sheet.
5. The CODE for this Language Booklet is **P**. Make sure that the CODE printed on **Side-2** of the Answer Sheet and on your Main Test Booklet is the same as that on this Language Supplement Test Booklet. In case of discrepancy, the candidate should immediately report the matter to the Invigilator for replacement of the Language Supplement Test Booklet.
6. This Test Booklet has **two** Parts, IV and V, consisting of **60** Objective Type Questions, each carrying 1 mark :
   Part-IV : Language I - (Nepali) (Q. 91 to Q. 120)
   Part-V : Language II - (Nepali) (Q. 121 to Q. 150)
7. Part-IV contains 30 questions for Language-I and Part-V contains 30 questions for Language-II. In this Test Booklet, only questions pertaining to Nepali language have been given. **In case the language/s you have opted for as Language-I and/or Language-II is a Language other than Nepali, please ask for a Test Booklet that contains questions on that language. The language being answered must tally with the languages opted for in your Application Form.**
8. **Candidates are required to attempt questions in Part -V (Language-II) in a language other than the one chosen as Language-I (in Part-IV) from the list of languages.**
9. Rough work should be done only in the space provided in the Test Booklet for the same.
10. The answers are to be recorded on the OMR Answer Sheet only. Mark your responses carefully. No whitener is allowed for changing answers.

परीक्षार्थी का नाम (बड़े अक्षरों में) : ______
Name of the Candidate (in Capitals) :
अनुक्रमांक : (अंकों में) ______
Roll Number : in figures
: (शब्दों में) ______
: in words
परीक्षा केन्द्र (बड़े अक्षरों में) : ______
Centre of Examination (in Capitals) :
परीक्षार्थी के हस्ताक्षर : ______ निरीक्षक के हस्ताक्षर : ______
Candidate's Signature : Invigilator's Signature :
Facsimile signature stamp of
Centre Superintendent ______

**P**

**Lang. Code : 13**

# TAJ 19-I

परीक्षा पुस्तिका संङ्केत

**P**

यस पुस्तिकामा **20** पृष्ठ छन् ।

**प्रश्नपत्र I**

**नेपाली भाषा परिशिष्ट खण्ड**

**भाग IV र V**

**यो परीक्षा पुस्तिका तबमात्र खोल्नुहोस् जब तपाईंलाई खोल्न भनिन्छ ।**

**यो परीक्षा पुस्तिकाको पछिल्लो आवरणमा (पृष्ठ 19 व 20) दिइएको निर्देश ध्यानले पढ्नुहोस् ।**

**परीक्षार्थीहरूका लागि निर्देश :**

1. यो पुस्तिका मुख्य परीक्षा पुस्तिकाको परिशिष्ट हो । ती परीक्षार्थीहरूका लागि **या** त भाग IV (भाषा I) **या** भाग V (भाषा II) **नेपाली** भाषामा दिन सक्छन् तर **दुवैमा होइन** ।
2. परीक्षार्थीले भाग I, II, III का उत्तर मुख्य परीक्षा पुस्तिकाबाट दिनुपर्छ र भाग IV र V का उत्तर उनीहरूले छानेको भाषाबाट ।
3. अङ्ग्रेजी र हिन्दी भाषामा यी प्रश्न मुख्य परीक्षा पुस्तिकामा भाग IV र V अन्तर्गत दिइएका छन् । भाषा परिशिष्टलाई तपाई अलग्गै माग्न सक्नुहुने छ ।
4. यो पृष्ठमा विवरण अङ्कित गर्न एवं उत्तर पुस्तिकामा चिह्न लगाउनका लागि **केवल निलो/कालो बल पोइन्ट पेन** मात्रै प्रयोग गर्नुहोस् ।
5. यो भाषा पुस्तिकाको **सङ्केत P** हो । के सुनिश्चित गर्नुहोस् भने यो भाषा परिशिष्ट पुस्तिकाको सङ्केत, उत्तरपत्रको **पृष्ठ**-2 एवं मुख्य परीक्षा पुस्तिकामा छापिएको सङ्केतसित मिल्छ । यदि यो भिन्नै छ भने परीक्षार्थीले दोस्रो भाषा परिशिष्ट परीक्षा पुस्तिका लिनका लागि निरीक्षकलाई तत्कालै जनाउनुपर्ने छ ।
6. यो पुस्तिकामा **दुई** भाग IV र V छन्, जसमा **60** वटा वस्तुनिष्ठ प्रश्न छन् र ती प्रत्येक 1 अङ्कका छन् ।
   भाग IV : भाषा I — (नेपाली) *(प्र. 91 बाट प्र. 120)*
   भाग V : भाषा II — (नेपाली) *(प्र. 121 बाट प्र. 150)*
7. भाग IV मा भाषा I का लागि 30 प्रश्न र भाग V भाषा II का लागि 30 प्रश्न दिइएका छन् । **यदि तपाईंको भाषा I वा II नेपालीका अतिरिक्त छ भने कृपया त्यो भाषा सम्बन्धित परीक्षा पुस्तिका माग्नुहोस् जुन तपाईंको आवेदनपत्रमा अङ्कित थियो ।**
8. **परीक्षार्थीले भाग V (भाषा II) का लागि भाषा सूचीबाट यस्तो भाषा छान्नु पर्छ जो उनीद्वारा भाषा I (भाग IV) मा छानिएको भाषाबाट भिन्न होस् ।**
9. कच्चा काम परीक्षा पुस्तिकामा दिइएको खालि स्थानमा नै गर्नुहोस् ।
10. सबै उत्तर केवल OMR उत्तरपत्रमा अङ्कित गर्नुहोस् । आफ्नो उत्तर ध्यानपूर्वक अङ्कित गर्नुहोस् । उत्तर बदल्नका लागि श्वेतरञ्जकको प्रयोग निषेध छ ।

विद्यार्थीको नाम : ____________________

अनुक्रमाङ्क : अङ्कमा ____________________

: शब्दमा ____________________

परीक्षा केन्द्र : ____________________

परीक्षार्थीको हस्ताक्षर : ____________________ निरीक्षकको हस्ताक्षर : ____________________

Facsimile signature stamp of
Centre Superintendent ____________________

परीक्षार्थीहरूले **भाषा**-I का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **Part-IV** (**प्रश्न** 91-120) का प्रश्नहरूको उत्तर दिनुपर्नेछ ।

Candidates should attempt the questions from **Part-IV** (**Q.No. 91-120**), if they have opted **NEPALI** as **LANGUAGE-I** only.

# भाग – IV
## भाषा – I
## नेपाली

परीक्षार्थीहरूले **भाषा-I** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले Part-IV **(प्रश्न 91-120)** का प्रश्नहरूको उत्तर दिनुपर्नेछ ।

**निर्देश : दिइएको अनुच्छेद पढेर तल भएका प्रश्नहरू (प्रश्न स. 91-99) का उपयुक्त उत्तर चिन्हित गर्नुहोस् ।**

जहाँ इच्छा तहाँ उपाय – यो उक्ति सत्यताले परिपूर्ण छ । यो भनाइ आशा अनि उत्साहको भनाइ हो । जुन मानिस केही कुराको इच्छा गर्छ अनि त्यो इच्छापूर्तिका निम्ति परिश्रम गर्छ, उसैको इच्छा पूर्ण हुन्छ । कति मानिसहरू इच्छा गर्छन् तर परिश्रम गर्दैनन् । यस्ता मानिसहरूको इच्छा कहिल्यै पनि पूर्ण हुन सक्तैन । फेरि कति मानिसहरू काम गर्ने साधन नै छैन भनी परिश्रम गर्न अग्रसर हुँदैनन् । यस्ता मानिसहरूलाई हामी के भन्न सक्छौँ भने उनीहरूमा वास्तविक इच्छाशक्तिको अभाव छ नत्र कुनै पनि काम कुनै प्रकारको साधनको अभावमा रोकिँदैन, मानिसमा काम गर्ने दृढ इच्छा हुनु पर्छ तब साधन र उपाय आफै उपस्थित हुन आउँछन् । कति मानिसहरू आर्थिक कठिनाइ र अरू साधनको अभावले आफूले चाहे जस्तै काम गर्न सकिएन भनी भन्दछन् । यस्ता मानिसले नेपोलियनको जीवनीबाट शिक्षा लिनु पर्छ । ''असम्भव' शब्द मूर्खहरूको शब्दकोशमा मात्र पाइन्छ' – भनी नेपोलियनले भनेका थिए । मनन गर्दा सो उक्ति सत्यताले पूर्ण छ किनभने 'खाने मुखलाई जुँघाले छेल्दैन ।' अलिकति बुद्धि लाए जस्तै काम पनि सफलतासित सम्पन्न गर्न सकिन्छ जसरी तिर्खाएको कागले गाग्रोमा ढुङ्गा हालेर भए पनि आफ्नो पानीको तृष्णा मेटाएको थियो । कुनै वस्तुको इच्छा गर्दा हामीले अरूको हित र अहितको पनि वास्ता राख्नु पर्छ । आफ्नो इच्छा पूर्ण गर्दा अरूको जीवनमा कुनै किसिमको अहित नहोस्, अरूको कुभलो नहोस्– यस्तो प्रकारको हितकारी इच्छा हामीले गर्नु पर्छ । आफ्नो भलाइका निम्ति अरूको भलो कुभलोको वास्ता नराख्नु अनैतिकता हो । सके हामीले यस्तो इच्छा गर्नु पर्छ, जुन इच्छाको सिद्धिमा आफ्नोसहित समाज, जाति र देशको पनि भलाइ होस् । समग्रमा, इच्छा मात्र गरेर परिश्रमचाहिँ गरिएन भने आकाशको फल ताक्नु मात्र हुनेछ ।

**91.** **तलको कुन पद 'हित-अहित' पदसँग मिल्दो छ ?**

(1) शुद्ध-विशुद्ध

(2) अवसान-ध्वंस

(3) भलो-कुभलो

(4) हावा-पानी

**92.** **''असम्भव' शब्द मूर्खहरूको शब्दकोशमा मात्र पाइन्छ ।' – यस भनाइको लक्ष्यार्थ के हो ?**

(1) संसारमा असम्भव भन्ने केही छैन

(2) शब्दकोश हेर्नेहरू मूर्ख हुन्छन्

(3) ज्ञानी मानिसले मात्र शब्दकोश हेर्दछन्

(4) शब्दकोशमा 'असम्भव' शब्दको अर्थ भेटिन्न

93. 'तिर्खाएको कागले गाग्रोमा ढुङ्गा हालेको' प्रसङ्ग उपर्युक्त अनुच्छेदमा किन राखिएको छ ?

(1) मानिसको स्वभावसित तुलनाका लागि

(2) सफलताको दृष्टान्तका लागि

(3) इतिहास बुझाउनका लागि

(4) पक्षीको दुष्ट्याइँ देखाउनका लागि

94. आफ्नो राम्रो होस् भन्ने मनसाय राख्नु तर अरूका राम्रो नराम्रोबारे कुनै विचार नपुऱ्याउनु हो भने यस्तो कामलाई तलको कुन शब्दले परिभाषित गर्छ ?

(1) सिद्धि

(2) परोपकार

(3) निस्वार्थपना

(4) अनैतिकता

95. 'आकाशको फल ताक्नु' के हो ?

(1) एउटा पूर्ण वाक्य

(2) उखान

(3) वाग्धारा

(4) प्रहेलिका

96. 'खाने मुखलाई जुँघाले छेल्दैन' – यस भनाइको अर्थ के हो ?

(1) जति ठुलो जुँघा भए पनि मान्छेले खान्छ

(2) जुँघा भएको पुरुषले मात्र केही पनि गर्न सक्छ

(3) जस्तै काम गरे पनि फलको आस गर्नु हुन्न

(4) गर्नु पर्ने कुरा गरेरै छोडिन्छ, केहीले छेक्दैन

97. 'इच्छा' संज्ञा शब्द हो भने 'इच्छापूर्ति' कुन वर्गको शब्द हो ?

(1) संज्ञा

(2) विशेषण

(3) क्रियाविशेषण

(4) नामयोगी

98. 'जहाँ इच्छा तहाँ उपाय' – यो कुन किसिमको कथन हो ?

(1) उत्साहहीन

(2) सकारात्मक

(3) भ्रान्तिमूलक

(4) सन्देहजनक

99. इच्छा गर्ने तर परिश्रम गर्न चाहिँ अघि नसर्ने मानिस कस्ता हुन् ?

(1) काम गर्ने साधन नभएका

(2) इच्छा पूर्ण भएका

(3) वास्तविक इच्छा शक्ति भएका

(4) वास्तविक इच्छा शक्ति नभएका

**निर्देश : दिइएको कविता पढेर तल भएका प्रश्नहरू (प्रश्न स. 100-105) का उपयुक्त उत्तर चिन्हित गर्नुहोस् ।**

लाग्दछ मलाई रमाइलो मेरै पाखा पखेरो
हिमालचुली मन्तिर पानी भर्ने पँधेरो ।
लेकै हेऱ्यो लाली गुराँस बेंसी हेऱ्यो प्याउली
पिरती बास्ने परेवा विरह बोल्ने न्याउली ।
हिमाल छुन्छ बेलुकी सप्तर्षिको ताँतीले
जुनेली रात बिताउँछन् गाउँदा गाउँदै साथीले ।
सम्झन्छु म हिउँचुली आँसुका ढिका खसाली
यो बिरानो मुलुकमा बस्दैन माया बसाली ।
मनमा घाम नलागे जगत सारा अँधेरो
नौडाँडाको पारीमा प्रीतिको देश छ मेरो ।

**100. कवितामा 'सप्तर्षि' – ले के बुझाएको छ ?**

(1) आकाशको एक छेउमा देखिने ताराहरूको समूह

(2) सातजना ऋषिहरूको समूह

(3) जुनेली रातमा गाउने साथीहरूको समूह

(4) ताँत लागेर उड्ने बादलको समूह

**101. 'न्याउली' के हो ?**

(1) एक किसिमको फुल

(2) एक किसिमको पक्षी

(3) रुखको एउटा जात

(4) परेवाको आवाज

**102. 'मनमा घाम नलागे' पदावलीले के तात्पर्य व्यक्त गर्छ ?**

(1) आनन्द लागेको

(2) रात परेको

(3) दु:ख लागेको

(4) घाम छेलिएको

**103. यस कविताको रचना–शैली कस्तो छ ?**

(1) शास्त्रीय छन्दको

(2) लोक लयको

(3) जटिल र तत्समनिष्ठ

(4) गजल शैलीको

**104. 'जुनेली' शब्दको निर्माण कसरी भएको छ ?**

(1) सन्धि भएर

(2) समास भएर

(3) मूल शब्दको रूपमा

(4) सर्ग प्रक्रियाद्वारा

**105. यस कविता का कवि कहाँ छन् ?**

(1) लाली गुराँस फुल्ने लेकमा

(2) रमाइलो लाग्ने पाखा–पखेरामा

(3) आफ्नो ठाउँदेखि टाढाको देशमा

(4) प्रीतिको देशमा

106. कक्षा I को भाषाको पाठ्यपुस्तकमा सुरुमा वर्ण त्यसपछि दुई अक्षरी शब्द, तीन अक्षरी शब्द, त्यसपछि कथा अनि कविताहरू राखिएका छन् । पाठ्यपुस्तकमा कुन विधि अपनाइएको छ ?

(1) ऊर्ध्वगामी विधि

(2) अधोगामी विधि

(3) विषयगत विधि

(4) पाठ्यक्रम ढाँचा विधि

107. पठनमा अक्षमता हो –

(1) डिस्लेक्सिया

(2) डिस्ग्राफिया

(3) डिस्काल्कुलिया

(4) डिस्फोरिया

108. एउटा भाषा कक्षामा लेख्न सुरु गराउँदा शिक्षकले के गर्नुपर्छ ?

(1) विद्यार्थीहरूलाई विषयबारे मथिङ्गल-मन्थन गरेर विचार जन्माउन लगाउनु

(2) विद्यार्थीहरूलाई ब्ल्याकबोर्डबाट एउटा विषयबारे अनुच्छेद सार्न लगाउनु

(3) विद्यार्थीहरूलाई स्कुल आउन अघि भिन्न-भिन्न अनुच्छेद पढ्न लगाउनु

(4) विद्यार्थीहरूलाई सुन्दर हस्तलिपिमा लेख्न लगाउनु

109. मूल रूपले एउटा नानीले मातृभाषा सिक्छ –

(1) सुनेर

(2) बोलेर

(3) लेखेर

(4) सिक्ने औपचारिक परिवेशमा

110. निम्नलिखित मध्ये कुन चाहिँ रचनात्मक क्षमताभित्र पर्दछ ?

(1) पढ्नु अनि लेख्नु

(2) पढ्नु अनि सुन्नु

(3) बोल्नु अनि लेख्नु

(4) बोल्नु अनि सुन्नु

111. एउटा कविता पढाएपछि कक्षा III की शिक्षक करुणा कक्षामा केही कार्य गर्न दिने निर्णय गर्छिन् । विद्यार्थी सक्रियताका साथ सहभागी होऊन् भन्नलाई यी मध्ये कुन चाहिँ कार्यको चयन उनले गर्नुपर्छ ?

(1) विद्यार्थीहरूलाई प्रश्नहरूको उत्तर लेख्न लगाउनु जो कविताको अन्तमा दिइएको छ

(2) विद्यार्थीहरूलाई समूहमा एउटा कविताबारे आफ्नो व्याख्या प्रस्तुत गर्न लगाउनु

(3) विद्यार्थीहरूलाई पाठमा भएजस्तै कविताका प्रत्येक पङ्क्ति कण्ठस्थ गर्न लगाउनु

(4) विद्यार्थीहरूलाई कवितामा भएका नयाँ शब्दहरूको प्रयोग गरेर वाक्य बनाउन लगाउनु

**112. भाषा अधिग्रहणबारे निम्नलिखित मध्ये कुन चाहिँ सही हो ?**

(1) नानीहरूमा भाषा सिक्ने सहजात योग्यता हुँदैन

(2) नानीहरू जब स्कुल आउँछन् तब भाषा सिक्छन्

(3) प्रत्येक नानीमा भाषा सिक्ने एउटा सहजात योग्यता हुन्छ

(4) नानीहरूले विभिन्न संसाधनद्वारा भाषा सिक्छन्

**113. एउटा भाषा सिक्नका लागि निम्नलिखित मध्ये कुन चाहिँ अत्यन्त महत्त्वपूर्ण हो ?**

(1) टी एल एम (टिचिड–लर्निड–मेटेरियल) को प्रयोग

(2) सामाजिक अन्तर्क्रिया

(3) किताबहरू पढ्नु

(4) सिनेमा वा नाटक हेर्नु

**114. एउटा अध्यायमा नक्सा वा दृष्टान्त–चित्रको प्रयोग गरिन्छ, कारण –**

(1) पाठ्यपुस्तक र अध्यायहरूमा दृष्टान्त–चित्र दिने चलन छ

(2) यसले पाठ्यपुस्तकलाई आकर्षक बनाउँछ

(3) यसले अमूर्त धारणा बुझ्न सघाउँछ

(4) एउटा अध्याय लेख्नु गाहो हुन्छ तर त्यसको दृष्टान्त–चित्र कोर्नु सजिलो हुन्छ

**115. विद्यार्थीहरूलाई राम्रो लेखक बनाउनका लागि शिक्षकले लेखनको कुन चाहिँ अत्यन्त महत्त्वपूर्ण पक्षबारे ध्यान दिनुपर्छ ?**

(1) हस्तलिपि

(2) व्याकरण

(3) अभिव्यक्ति

(4) शब्द सीमा

**116. 'डिस्लेक्सिया' कुन कुरासित सम्बन्धित छ ?**

(1) मानसिक अक्षमता

(2) व्यवहारगत अक्षमता

(3) गाणीतिक अक्षमता

(4) पठन अक्षमता

**117. कुनै एउटा पाठ पढ्दा यी मध्ये कुन चाहिँ अत्यन्त महत्त्वपूर्ण रहन्छ ?**

(1) सही उच्चारण गरेर पढ्नु

(2) सबै विरामादि चिन्हहरूको ठिक प्रयोग गर्नु

(3) पाठको अर्थ बुझ्नु

(4) छिट्टो पढ्नु

**118. कक्षा II की शिक्षक तासा विद्यार्थीहरूको शब्दावलीको विकासमा धेरै बल दिन्छिन् । शब्दावली विकासका लागि निम्नलिखित मध्ये कुन चाहिँ योजना उत्तम हो ?**

(1) एउटा नयाँ अध्याय पढ्न अघि विद्यार्थीहरूले सबै नयाँ शब्दहरू कण्ठस्थ गर्नुपर्छ

(2) सन्दर्भअनुरूप विद्यार्थीहरूले नयाँ शब्दहरूका अर्थ अनुमान गर्नुपर्छ

(3) प्रत्येक नयाँ अनि कठिन शब्दहरू बुझ्न विद्यार्थीहरूले शब्दकोश हेर्नुपर्छ

(4) विद्यार्थीहरूले अध्यायमा भएका सबै नयाँ अनि कठिन शब्दहरूलाई अधोरेखित गर्नुपर्छ अनि तिनका अर्थ कण्ठस्थ गर्नुपर्छ

**119. कक्षा II की शिक्षकले भावभङ्गीद्वारा कक्षामा एउटा रोचक कथा सुनाउँछिन् । कथा भनिसकेपछि उनले केही विद्यार्थीहरूलाई उनीहरूको आफ्नै भाषामा त्यो कथा कक्षामा पुन भन्न लगाउँछिन् । उनले विद्यार्थीहरूको कुन कुराको जाँच गर्ने प्रयास गरिरहेकी छन् ?**

(1) सुनेर बुझ्ने

(2) बोलेर बुझाउने

(3) पढेर बुझ्ने

(4) लेखेर बुझ्ने

**120. कक्षामा मुद्रित सामग्री सम्पन्न परिवेश भन्नाले बुझिन्छ –**

(1) कक्षाका भित्ताहरु रङ्गिन हुनु

(2) पढाइएका धारणा सम्बन्धी लिखित सामग्री भित्तामा टाँस्नु

(3) ठुला आकारका फन्टमा वर्णमालाको चार्ट टाँस्नु

(4) दृष्टान्त–चित्रसहित भिन्न भिन्न कविताहरू टाँसेर कक्षाका भित्ताहरू रङ्गिन पार्नु

परीक्षार्थीहरूले **भाषा**-II का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **Part-V** (**प्रश्न** 121-150) का प्रश्नहरूको उत्तर दिनुपर्नेछ ।

Candidates should attempt the questions from **Part-V (Q.No. 121-150),** if they have opted **NEPALI** as **LANGUAGE - II** only.

# भाग – V
# भाषा – II
# नेपाली

परीक्षार्थीहरूले **भाषा-II** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले Part-V (**प्रश्न** 121-150) का प्रश्नहरूको उत्तर दिनुपर्नेछ ।

**निर्देश : दिइएको अनुच्छेद पढेर तल भएका प्रश्नहरू (प्रश्न स. 121-128) का उपयुक्त उत्तर चिन्हित गर्नुहोस् ।**

रनेको पेट–पालन नै यस्तै थियो । रनेको बाबु पनि यस्तै जलहारी थियो । ऊ एक रात दस वर्षअधि नै सावनको भेलमा परेर मरेको थियो । अब त्यो स्मृति विस्मृतिको धुलोभित्र कतै होला । साधारण मानिसहरू भूत–प्रेतसित डराउँछन्, रात–बिरात हिँड्नु हुन्न; हिँडे चुँडेल, सिंहे, सिन्डीका आँखा पर्छन् भन्ने यिनीहरूको विश्वास छ । तर रनेका निम्ति यी सब विचारहरू वाहियात थिए । रने आफै नै प्रेतको आत्मा भएको मानिस थियो । त्यो भूतकै दाँजामा पुग्न आँटेको थियो । जब शिथिल संसारका मानिसहरू गहिरो निद्रामा पर्थे, चेतना स्वप्न–प्रदेशमा घुम्न पुग्थ्यो, चारैतिर घोर निस्तब्धता छाइन्थ्यो, त्यस समयमा रने भने अन्धकारको आडभित्र हातमा बल्दो पुल्ठो लिएर माछाको कुरकुरभित्र हात हाल्न पुग्थ्यो । पुल्ठोको अस्थिर शिखाभित्र त्यसको घाम–पानीले डढेको अनुहार विकराल देखिन्थ्यो । त्यसको विषादपूर्ण, विकराल, भित्र गडेका सेता आँखा खोला–नाला, पर्वत–पर्खाल सबै चहार्थे । सायद यस्तो जिउँदो भूत देखेर खोलाका प्रेतहरू पनि झस्कन्थे । रनेले फेरि एकचोटि जाल घुमाएर त्यो हरियो दहमा फैँक्यो । भेलमा परेर अत्तालिएका माछाहरू सबै जालभित्र थुनिए । डढेको अनुहारमा प्रसन्नताको रेखा दगुर्‍यो । त्यसका आँखा रसिला भएर आए ।

**121.** तलको कुन कथन ठिक हो ?

(1) रने भूत–प्रेतमा विश्वास गर्थ्यो

(2) रने भूत–प्रेतमा विश्वास गर्दैनथ्यो

(3) रने आफैमा आत्मा चढेको मानिस थियो

(4) रने मसान खेलाउन सक्थ्यो

**122.** रनेका आँखा किन रसिला भए ?

(1) खुसीले

(2) दुःखले

(3) खोलाको पानीले

(4) अँध्यारोले

123. आइसक्रिमको सम्बन्ध चिसोसित भए जस्तै पुल्ठोको सम्बन्ध केसित हुन्छ ?

(1) लौरो

(2) मट्टितेल

(3) आगो

(4) कपडा

124. रनेलाई अर्को कुन नाउँद्वारा चिनाइएको छ ?

(1) भूतको साथी

(2) एक्लो मान्छे

(3) डढेको काले

(4) जिउँदो भूत

125. 'कुरकुर' शब्द कुन प्रक्रियाद्वारा बनिएको छ ?

(1) द्वित्व प्रक्रिया

(2) समास प्रक्रिया

(3) प्रत्यय प्रक्रिया

(4) सन्धि प्रक्रिया

126. अस्थिर शिखा–ले पुल्ठोको कस्तो विवरण प्रस्तुत गर्छ ?

(1) एकनासले बलिरहेको

(2) सानो मधुरो भई बलिरहेको

(3) ठुलो उज्यालो छरेर बलिरहेको

(4) एकनास नभई सानो ठुलो हुँदै बलिरहेको

127. 'माछाहरू सबै जालभित्र थुनिए' – यस वाक्यमा प्रयुक्त 'थुनिए' कुन किसिमको क्रियापद हो ?

(1) कर्तृवाच्यको सकर्मक

(2) कर्तृवाच्यको अकर्मक

(3) कर्मवाच्यको

(4) भाववाच्यको

128. रनेको व्यवसाय वा जीविकाको साधन कस्तो थियो ?

(1) एकदमै नौलो

(2) बृहत् लगानी भएको

(3) पुस्तैनी

(4) कृषि वा खेतीपाती

**निर्देश : दिइएको अनुच्छेद पढेर तल भएका प्रश्नहरू (प्रश्न स. 129-135) का उपयुक्त उत्तर चिन्हित गर्नुहोस् ।**

एउटा बुढो किसानका चारजना छोराहरू थिए । उनीहरूको एकाअर्कामा राम्रो सम्बन्ध थिएन अनि लडाइँ–झगडा गरिरहन्थे । विचरा बुढाले उनीहरूलाई मेलमिलापसँग बस्न भनी धेरैपल्ट सम्झायो तर उनीहरूले मानेनन् । एक दिन मृत्युशय्यामा परेपछि उसले आफ्ना छोराहरूलाई नजिक बोलायो अनि उनीहरूलाई अन्तिम सल्लाह दिने उद्देश्यले एक–एकवटा सिन्का दिएर भाँच्न लगायो । सबैले त्यो सहजसँग भाँचे । तब ती सिन्काहरूलाई एक मुठा बनाई प्रत्येकलाई भाँच्न लगायो । प्रत्येकले त्यसलाई भाँच्ने कोसिस गरे, तर असफल भए । तब मृत्युशय्यामा लडेको बुढाले भन्यो – "हेर नानीहरू ! यी सिन्काहरू एक–एकवटा त कमजोर हुन्छन्, तर जब चिनीहरूलाई बाँधेर एक मुठा बनाइन्छ, तब बलियो हुन्छ अनि बलवानभन्दा बलवानले चिनीहरूलाई भाँच्न सक्तैन । मानिस पनि त्यस्तै हो । जब तिमीहरू अलग–अलग रहन्छौ, तब बलहीन हुन्छौ । एकतामा नै तिमीहरूको बल रहन्छ । यो साँचो अर्ती याद राख अनि कहिल्यै झगडा नगर ।" यति भनेर बुढाको देहान्त भयो ।

**129. यस लघु कथाको सार कुरा के हो ?**

(1) सन्तानले पिताको कुरा सुन्नु पर्छ

(2) सबै मानिस एक दिन मर्छ

(3) एकता नै बल हो

(4) सिन्का भाँच्न बल चाहिन्छ

**130. बुढाले छोराहरूलाई सल्लाह दिन किन उचित ठान्यो ? किनभने –**

(1) ती झगडा गरिरहन्थे

(2) अझै केही दिन बाँच्ने बुढाको इच्छा थियो

(3) बुढाले अह्राएको छोराहरूले मानेका थिएनन्

(4) छोराहरूको कुनै काम थिएन

**131. 'बलवान' र 'बलहीन' – यी दुईवटा शब्दका निम्ति तलको कुन कथन ठिक हो ?**

(1) यी पर्यायवाची शब्द हुन्

(2) यी दुवै झर्रा शब्द हुन्

(3) यी दुवै एउटै शब्दवर्गमा पर्दछन्

(4) यी भिन्नार्थक वा समोच्चारित शब्द हुन्

**132. उपर्युक्त कथा कुन किसिमको रचना हो ?**

(1) प्रयोगपरक

(2) हितोपदेशमूलक

(3) प्रगतिवादी

(4) संस्मरणात्मक

**133. 'अर्ती' शब्दको अर्थ के हो ?**

(1) कथन

(2) कथा

(3) मुर्दा बोक्ने खाट

(4) उपदेश

134. 'मृत्युशय्यामा पुग्नु' भन्नाले के बुझिन्छ ?

(1) शरीर कमजोर हुनु

(2) रोगले ग्रस्त हुनु

(3) ईश्वरभक्तिमा लीन हुनु

(4) जीवनको अन्तिम समयतिर हुनु

135. मानिस अलग अलग भई एक्लै बसेमा के हुन्छ ?

(1) आफूखुसी आनन्द मनाउँछ

(2) निर्बल हुन्छ

(3) कसैको कुरा सुन्नु पर्दैन

(4) जीवन व्यवस्थित हुँदैन

136. कुन विषय भएको खण्डमा एकजना शिक्षकले कक्षा IV का विद्यार्थीहरूलाई विषयबारे स्वेच्छापूर्वक लेख्न प्रेरित गर्न सक्छन् ?

(1) सामाजिक विषय

(2) राष्ट्रिय एकीकरण

(3) व्यक्तिगत जीवन

(4) पर्यावरण विषय

137. औपचारिक ढङ्गमा भाषा सिक्दा निम्नलिखित मध्ये कुनचाहिँ समावेश रहन्छ ?

(1) भाषा प्रयोगशाला

(2) घरेलु परिवेश

(3) तालिम केन्द्र

(4) स्कुल

138. विद्यार्थीहरूलाई अधिबाटै पढेका कथालाई पुनः भन्न लगाउनाले शिक्षकलाई कुन कुराको मूल्याङ्कन गर्न सहायता पुग्छ ?

(1) स्मरण

(2) बोध

(3) उच्चारण

(4) हिज्जे

139. लेखन अक्षमता हो –

(1) डिस्लेक्सिया

(2) डिस्ग्राफिया

(3) डिस्काल्कुलिया

(4) डिस्फोरिया

140. पढनु भनेको लिखित पाठको उच्चारण गर्नु मात्र होइन तर यो केका लागि पनि महत्त्वपूर्ण छ ?

(1) प्रवीण वक्ता हुन

(2) पाठका अर्थहरू बुझ्न

(3) नयाँ शब्दावली अनि वाक्य संरचना सिक्न

(4) नयाँ शब्दहरूको उच्चारणमा आइपर्ने समस्याको निदानका लागि

141. कुन कुराका लागि प्राथमिक कक्षाहरूका नानीहरूलाई उनीहरूको मातृभाषामा पढा-इ-नुपर्छ भन्ने सिफारिस गरिएको छ ?

(1) उनीहरूको छेत्रीय भाषिकाको विकासका लागि

(2) एउटा स्वाभाविक परिवेश सृजना गर्नका लागि

(3) नानीहरू कुनै पनि भाषा बुझ्दैनन्, त्यसैले

(4) उनीहरूमाझ सिर्जनात्मकताको विकास गर्न

142. कक्षा I को भाषाको पाठ्यपुस्तकमा सुरुमा कविताहरू, त्यसपछि कथाहरू अनि पछि वर्णमाला राखिएको छ । यस किसिमको पाठ्यपुस्तकले कुन विधिको अनुसरण गरेको हुन्छ ?

(1) ऊर्ध्वगामी विधि

(2) अधोगामी विधि

(3) विषयगत विधि

(4) पाठ्यक्रम ढाँचा विधि

143. निम्नलिखित मध्ये कुन चाहिँ कथन सही हो ?

(1) कक्षा I का नानीहरू अङ्ग्रेजी पटक्कै जान्दैनन्

(2) नानीहरू धेरै अनुभव लिएर स्कुल आउँछन्

(3) स्कुल प्रवेश हुँदा नानीहरू एउटा खाली स्लेट जस्तै हुन्छन्

(4) नानीहरूलाई शब्दहरू रट्न लगाएर भाषा पढाउनु पर्छ

144. एकजना नानीले उसको पहिलो भाषा स्वभाविक रूपले _______,

(1) सिक्छ

(2) अनुकरण गर्छ

(3) अधिग्रहण गर्छ

(4) सुदृढ बनाउँछ

145. निम्नलिखित मध्ये कुन चाहिँ ग्रहणशील क्षमतामा पर्दछ ?

(1) सुन्नु अनि बोल्नु

(2) सुन्नु अनि पढ्नु

(3) पढ्नु अनि लेख्नु

(4) पढ्नु अनि बोल्नु

146. एकजना शिक्षक विद्यार्थीहरूलाई 'विशेषण' बुझाउँदा उनीहरूलाई थोरैमा पनि आफ्नो एउटा

गुण भन्न लगाउँछिन् अनि पछि त्यसको परिभाषा दिन्छिन् । यस पद्धतिलाई के भनिन्छ ?

(1) आगमनात्मक पद्धति
(2) निगमनात्मक पद्धति
(3) समग्र शारीरिक प्रतिक्रिया (TPR) पद्धति
(4) एकाग्रता पद्धति

**147. एउटा औपचारिक परिवेशमा शिक्षकको सहयोग द्वारा कुन चाहिँ भाषा सिक्न सकिन्छ ?**

(1) पहिलो भाषा
(2) दोस्रो भाषा
(3) मातृभाषा
(4) घरको भाषा

**148. ससाना विद्यार्थीहरूलाई नयाँ शब्दहरू पढाउँदा, एकजना शिक्षकले वास्तविक वस्तुहरूको प्रयोग गर्छिन्, कारण –**

(1) हामी वस्तुहरूका माध्यमले मात्र नयाँ शब्दावली पढाउन सक्छौं ।
(2) यसले शब्दहरूका शुद्ध हिज्जे सिकाउन सहयोग गर्छ
(3) यसले विद्यार्थीहरूलाई जीवनमा आफूले देखेका वस्तु र उनीहरूको भाषामा त्यसलाई बोलाउने नाम र शब्दहरू सम्बद्ध गराउन सहयोग गर्छ
(4) ससाना विद्यार्थीहरू अमूर्त भाव बुझ्न असमर्थ रहन्छन् त्यसैले वास्तविक वस्तुको प्रयोगले उनीहरूलाई असल ढङ्गमा सिक्न सहयोग गर्छ

**149. भाषा पाठ्यक्रममा साहित्य समावेश गरिनुपर्छ, कारण –**

(1) यो मानक भाषा सिक्ने–सिकाउने माध्यम हो
(2) यसले सिकारूहरूलाई आलोचकीय बन्न सहयोग गर्छ
(3) यसले विद्यार्थीहरूको पाठ्यचर्या बोधलाई कम गर्न सहायता गर्छ
(4) यसले विद्यार्थीहरूलाई नयाँ शब्दहरू सिक्न सहयोग गर्छ

**150. कुनै एउटा भाषा कक्षामा कथा सुनाउने कार्यले महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ, कारण**

(1) यसले नैतिक शिक्षा सिकाउँछ
(2) यो मनोरञ्जनको एउटा राम्रो स्रोत हो
(3) यसले शिक्षकलाई आराम गर्न सहयोग गर्छ
(4) यसले समग्र रूपमा भाषालाई प्रस्तुत गर्छ

## SPACE FOR ROUGH WORK

## SPACE FOR ROUGH WORK

**तल दिइएको निर्देशन ध्यानले पढ्नुहोस**

1. प्रश्नहरूका उत्तर कुन प्रकारले दिनुपर्ने हो भन्नेबारे उत्तर-पुस्तिकामा राम्ररी बुझाइएको छ, उत्तर दिनुभन्दा अघि ती राम्ररी पढ्नुहोस् ।
2. OMR को दोस्रोपातोमा दिइएका चार वैकल्पिक प्रश्नहरूमध्ये केवल एउटा शुद्ध उत्तरलाई निलो/कालो बलपेनले कालो पार्नुहोस् । एकपटक उत्तर कालो पारेपछि त्यसलाई सच्याउन पाइने छैन ।
3. परीक्षकले उत्तर पुस्तिका पल्टाइ वा भाँचभुच गर्न पाउने छैनन् । कुनै पनि उत्तरमाथि कोरकार नगर्ने । निर्दिष्ट गरेबाहेक अन्यत्र कतै आफ्नो रोलनम्बर नलेख्ने ।
4. परीक्षा पुस्तिकालाई विशेषरूपले ध्यान दिनु । कुनै कारणवश परीक्षा पुस्तिका यताउता परे मात्रै अर्को परीक्षा पुस्तिका दिइने छ ।
5. परीक्षार्थीले दिइएको परीक्षा पुस्तिकामा कोड नम्बर आदि सही ढङ्गले लेख्नुपर्ने छ ।
6. OMR उत्तर पुस्तिकामा दिइएका सूचनादि जाँच गर्ने र पढ्ने काम यन्त्रद्वारा गरिने हुँदा कुनै पनि सूचना अधुरो नरहोस् अनि प्रवेश पत्रमा दिइएको सूचनाभन्दा भिन्न पनि नहोस् ।
7. परीक्षार्थीले परीक्षाको समयमा कुनै पाठ्यसामग्री, टङ्कित वस्तु, कागज, मोबाइल फोन र अन्य कुनै पनि विद्युतीय सामाग्री आदि ल्याउन पाउने छैनन् ।
8. मोबाइल फोन, वायरलेस संयन्त्र (स्विच अफ गरिएकै अवस्थामा भए पनि) अनि अन्य वर्जित वस्तुहरू परीक्षा कक्ष/हलमा ल्याउन पाइने छैन । यस निर्देशको पालना नगरिएमा परीक्षा नियमको पालना नगरिएको ठहर गरी कार्वाही गरिनेछ, जसमा परीक्षा नै रद्द हुने कुरासम्म संलग्न छ ।
9. आवश्यक र उचित समयमा परीक्षार्थीले आफ्नो प्रवेशपत्र देखाउनुपर्ने छ ।
10. निरीक्षकको अनुमति बिना परीक्षार्थीले बाहिर जान पाउने छैनन् वा परीक्षा भवन छोडन सक्ने छैनन् ।
11. परीक्षार्थीले उत्तर पुस्तिका नबुझाएसम्म परीक्षा भवन छोडन पाउने छैनन् । परीक्षा भवन छोड्नु अघि निरीक्षकपत्र, उपस्थितिपत्र आदिमा हस्ताक्षर गर्नुपर्नेछ ।
12. कुनै पनि विद्युतीय उपकरण राख्न निषेध छ ।
13. परीक्षार्थीले बोर्डले दिएको निर्देशको पूर्णरूपले पालन गर्नुपर्ने छ । कुनै तरीकाले नियम उलङ्घन भएमा बोर्डको नियमअनुसार दण्डको व्यवस्था गरिने छ ।
14. प्रश्न पुस्तिकाको कुनै खण्ड च्यात्न वा फटाउन पाइने छैन ।
15. **परीक्षाको समाप्तिपछि परीक्षार्थीले सबै प्रकारले उत्तर पुस्तिका परीक्षकलाई बुझाउनुपर्ने छ तब मात्रै परीक्षा भवन छोडन पाइने छ । परीक्षार्थीले कुनै पनि उत्तर पुस्तिका साथमा लान पाउने छैनन् ।**

**निम्नलिखित निर्देशों को ध्यान से पढ़ें :**

1. जिस प्रकार से विभिन्न प्रश्नों के उत्तर दिए जाने हैं उसका वर्णन परीक्षा पुस्तिका में किया गया है, जिसे आप प्रश्नों का उत्तर देने से पहले ध्यान से पढ़ लें ।
2. प्रत्येक प्रश्न के लिए दिए गए चार विकल्पों में से सही उत्तर के लिए OMR उत्तर पत्र के **पृष्ठ-2** पर केवल एक वृत्त को ही पूरी तरह **काले/नीले बॉल पॉइन्ट पेन** से भरें । एक बार उत्तर अंकित करने के बाद उसे बदला नहीं जा सकता है ।
3. परीक्षार्थी सुनिश्चित करें कि इस उत्तर पत्र को मोड़ा न जाए एवं उस पर कोई अन्य निशान न लगाएँ । परीक्षार्थी अपना अनुक्रमांक उत्तर-पत्र में निर्धारित स्थान के अतिरिक्त अन्यत्र न लिखें ।
4. परीक्षा पुस्तिका एवं उत्तर पत्र का ध्यानपूर्वक प्रयोग करें, क्योंकि किसी भी परिस्थिति में (केवल परीक्षा पुस्तिका एवं उत्तर पत्र के संकेत या संख्या में भिन्नता की स्थिति को छोड़कर) दूसरी परीक्षा पुस्तिका उपलब्ध नहीं करायी जाएगी ।
5. परीक्षा पुस्तिका / उत्तर पत्र में दिए गए परीक्षा पुस्तिका संकेत व संख्या को परीक्षार्थी सही तरीके से हाज़िरी-पत्र में लिखें ।
6. OMR उत्तर पत्र में कोडित जानकारी को एक मशीन पढ़ेगी । इसलिए कोई भी सूचना अधूरी न छोड़ें और यह प्रवेश-पत्र में दी गई सूचना से भिन्न नहीं होनी चाहिए ।
7. परीक्षार्थी द्वारा परीक्षा हॉल/कक्ष में प्रवेश-पत्र के सिवाय किसी प्रकार की पाठ्य-सामग्री, मुद्रित या हस्तलिखित, कागज़ की पर्चियाँ, पेजर, मोबाइल फोन, इलेक्ट्रॉनिक उपकरण या किसी अन्य प्रकार की सामग्री को ले जाने या उपयोग करने की अनुमति नहीं है ।
8. मोबाइल फोन, बेतार संचार युक्तियाँ (स्वीच ऑफ अवस्था में भी) और अन्य प्रतिबंधित वस्तुएँ परीक्षा हॉल/कक्ष में नहीं लाई जानी चाहिए । इस सूचना का पालन न होने पर इसे परीक्षा में अनुचित साधनों का प्रयोग माना जाएगा और उनके विरुद्ध कार्यवाही की जाएगी, परीक्षा रद्द करने सहित ।
9. पूछे जाने पर प्रत्येक परीक्षार्थी, निरीक्षक को अपना प्रवेश-पत्र दिखाएँ ।
10. केन्द्र अधीक्षक या निरीक्षक की विशेष अनुमति के बिना कोई परीक्षार्थी अपना स्थान न छोड़ें ।
11. कार्यरत निरीक्षक को अपना उत्तर पत्र दिए बिना एवं हाज़िरी-पत्र पर दुबारा हस्ताक्षर किए बिना परीक्षार्थी परीक्षा हॉल/कक्ष नहीं छोड़ेंगे । यदि किसी परीक्षार्थी ने दूसरी बार हाज़िरी-पत्र पर हस्ताक्षर नहीं किए, तो यह माना जाएगा कि उसने उत्तर पत्र नहीं लौटाया है और यह अनुचित साधन का मामला माना जाएगा । **परीक्षार्थी अपने बाएँ हाथ के अंगूठे का निशान हाज़िरी-पत्र में दिए गए स्थान पर अवश्य लगाएँ ।**
12. इलेक्ट्रॉनिक / हस्तचालित परिकलक का उपयोग वर्जित है ।
13. परीक्षा हॉल/कक्ष में आचरण के लिए परीक्षार्थी बोर्ड के सभी नियमों एवं विनियमों द्वारा नियमित हैं । अनुचित साधनों के सभी मामलों का फैसला बोर्ड के नियमों एवं विनियमों के अनुसार होगा ।
14. किसी हालत में परीक्षा पुस्तिका और उत्तर पत्र का कोई भाग अलग न करें ।
15. **परीक्षा सम्पन्न होने पर, परीक्षार्थी हॉल / कक्ष छोड़ने से पूर्व उत्तर पत्र कक्ष-निरीक्षक को अवश्य सौंप दें । परीक्षार्थी अपने साथ इस परीक्षा पुस्तिका को ले जा सकते हैं ।**

**READ THE FOLLOWING INSTRUCTIONS CAREFULLY:**

1. The manner in which the different questions are to be answered has been explained in the Test Booklet which you should read carefully before actually answering the questions.
2. Out of the four alternatives for each question, only one circle for the correct answer is to be darkened completely with **Black/Blue Ball Point Pen** on **Side-2** of the OMR Answer Sheet. The answer once marked is not liable to be changed.
3. The candidates should ensure that the Answer Sheet is not folded. Do not make any stray marks on the Answer Sheet. Do not write your Roll No. anywhere else except in the specified space in the Answer Sheet.
4. Handle the Test Booklet and Answer Sheet with care, as under no circumstances (except for discrepancy in Test Booklet Code or Number and Answer Sheet Code or Number), another set will be provided.
5. The candidates will write the correct Test Booklet Code and Number as given in the Test Booklet / Answer Sheet in the Attendance Sheet.
6. A machine will read the coded information in the OMR Answer Sheet. Hence, no information should be left incomplete and it should not be different from the information given in the Admit Card.
7. Candidates are not allowed to carry any textual material, printed or written, bits of papers, pager, mobile phone, electronic device or any other material except the Admit Card inside the examination hall/room.
8. Mobile phones, wireless communication devices (even in switched off mode) and the other banned items should not be brought in the examination halls/rooms. Failing to comply with this instruction, it will be considered as using unfair means in the examination and action will be taken against them including cancellation of examination.
9. Each candidate must show on demand his / her Admit Card to the Invigilator.
10. No candidate, without special permission of the Centre Superintendent or Invigilator, should leave his / her seat.
11. The candidates should not leave the Examination Hall/Room without handing over their Answer Sheet to the Invigilator on duty and sign the Attendance Sheet twice. Cases where a candidate has not signed the Attendance Sheet second time will be deemed not to have handed over the Answer Sheet and dealt with as an unfair means case. **The candidates are also required to put their left hand THUMB impression in the space provided in the Attendance Sheet.**
12. Use of Electronic / Manual Calculator is prohibited.
13. The candidates are governed by all Rules and Regulations of the Board with regard to their conduct in the Examination Hall/Room. All cases of unfair means will be dealt with as per Rules and Regulations of the Board.
14. No part of the Test Booklet and Answer Sheet shall be detached under any circumstances.
15. **On completion of the test, the candidate must hand over the Answer Sheet to the Invigilator in the Hall / Room.** ***The candidates are allowed to take away this Test Booklet with them.***